श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### नगर पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: नगर पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नगर पञ्चायत (पाँचौं संशोधन) ऐन २०३३" रहेको छ ।

(२) दफा १ तुरून्त प्रारम्भ हुनेछ र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. नगर पञ्चायत ऐन, २०१९ को दफा २ मा संशोधन: नगर पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखी त्यसपछि देहायको खण्ड (क १), (क २), (क ३) र (क ४) थपिएका छन्:—

"(क) "नगर पञ्चायत" भन्नाले दफा ९ बमोजिम गठन गरिएको नगर पञ्चायत सम्झनु पर्छ ।

(क १) "नगर सभा" भन्नाले दफा ३ बमोजिम गठन गरिएको नगर सभा सम्झनु पर्छ ।

६२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क २) "वडा समिति" भन्नाले दफा ३ को उप-दफा (४) बमोजिम गठन भएको वडा समिति सम्झनु पर्छ ।

(क ३) कुनै नगर पञ्चायतको सम्बन्धमा "सदस्य" भन्नाले प्रधानपञ्च र उप-प्रधानपञ्चलाई समेत जनाउँछ ।

(क ४) "स्थानीय बसोबास गरेको" भन्नाले समय समयमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त[illegible] बमोजिमको कुरालाई सम्झनु पर्छ र त्यसरी तोकेको कुरा निर्वाचनको निमित्त बाहेक अन्य कुनै प्रयोगका निमित्त लागू हुनेछैन ।"

३. मूल ऐनको परिच्छेद २ मा संशोधन: मूल ऐनको परिच्छेद २ को सट्टा देहायको परिच्छेद २ राखिएको छ:–

"परिच्छेद–२

नगर सभाको गठन र वडा विभाजन

३. नगर सभाको गठन र वडा विभाजन: (१) दफा ६ बमोजिम घोषित नगर पञ्चायत क्षेत्रमा नगर सभाको गठन गरिनेछ ।

(२) उप-दफा (१) बमोजिम नगर सभा गठन गर्नको निमित्त सम्बन्धित जिल्ला पञ्चायतले वा सो पञ्चायतले खटाएको अधिकृतले यथासम्भव बराबर जनसंख्या पर्ने गरी नगर पञ्चायत क्षेत्रलाई जम्मा नौ वडामा नघटाई देहायको संख्यामा वडा विभाजन गर्नेछ:–

(क) नौ हजार जनसंख्यामा नौ वडा,

(ख) त्यसपछिको पन्ध्र हजारसम्मको प्रत्येक पच्चीस सय जनसंख्यामा एक वडा थप,

(ग) त्यसपछिको चौबीस हजारसम्मको प्रत्येक चार हजार जनसंख्यामा एक वडा थप,

(घ) त्यसपछिको अठचालीस हजारसम्मको प्रत्येक आठ हजार जनसंख्यामा एक वडा थप,

(ङ) त्यसपछिको प्रत्येक सोह्र हजार जनसंख्यामा एक वडा थप ।

तर जम्मा वडाहरूको संख्या तेत्तीस भन्दा बढी हुने छैन ।

(३) प्रत्येक वडाका एक्काईस वर्ष उमेर पूरा गरेका, मगज नबिग्रेका र सो वडामा स्थायी बसोबास गरेका नेपाली नागरिकले आफूमध्येबाट नगर सभाकोलागि पाँच जना सदस्यहरूको निर्वाचन गर्नेछन् । सबै वडाबाट यसरी पाँचजनाको हिसाबले निर्वाचित सदस्यहरू भएको नगर सभाको गठन हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-दफा (३) बमोजिम प्रत्येक वडामा सो वडाबाट निर्वाचित पाँचजना नगर सभाका सदस्यहरूको वडा समिति हुनेछ। दफा ९ को उप-दफा (४) को खण्ड (क) अनुसार नगर पञ्चायतको सदस्यमा निर्वाचित भएको व्यक्ति सो वडा समितिको अध्यक्ष हुनेछ।

(५) नगर सभाका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(६) नगर सभाको सदस्यको पदावधि समाप्त हुने गणना गर्दा सो पदावधि समाप्त हुने सालको पौष मसान्तमा समाप्त भएको मानिने छ।

(७) कुनै कारणवश निर्धारित निर्वाचन समयमा नगर सभाका सदस्य पदको निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित निर्वाचन समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ।

(८) कुनै नगर सभाको सदस्यको पद निजको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरणद्वारा गरिनेछ।

(९) वडाको सीमाना हेरफेर सम्बन्धित वासिन्दाहरू वा सम्बन्धित नगर वा जिल्ला पञ्चायतको सिफारिशमा वा अरू कुनै मनासिब कारणले उपयुक्त देखिएमा अञ्चलाधीशले गर्न सक्नेछ।

४. नगर पञ्चायत, नगर सभा र वडा समितिको पुनर्गठन: नगर पञ्चायतको क्षेत्र थपघट हुँदा श्री ५ को सरकारले आवश्यकता अनुसार नगर पञ्चायत, नगर सभा वा वडा समितिलाई भङ्ग गरी र वडाहरूको पुनर्विभाजन गरी अर्को गठन गर्न सक्नेछ।

५. नामनामेसीको लगत किताब: नगर पञ्चायत क्षेत्र घोषित भएपछि जिल्ला पञ्चायतले सो नगर पञ्चायत क्षेत्रभित्र साधारणतया बसोबास गर्ने सबै व्यक्तिको तोकिएको ढाँचाको एउटा लगत किताब तयार गर्न लगाउनेछ। सो लगत किताबमा नगर सभाको मतदाता हुन पाउने र नपाउने व्यक्तिहरू स्पष्ट छुट्टिने गरी नामनामेसी लेखी राखिनेछ। त्यस किसिमबाट तयार भएको लगत किताबमा तोकिएको तरीकाले प्रत्येक वर्ष एक पटक आवश्यक थपघट जनाई दुरुस्त गरी राखिनेछ।

६. नगर सभाको सदस्यको निमित्त चाहिने योग्यता: नगर सभाको सदस्यमा निर्वाचित हुन देहाय बमोजिमको योग्यता हुनुपर्दछः—

(क) दफा ३ को उप-दफा (३) बमोजिम मतदाता हुन योग्यता पुगेको,

(ख) नगर पञ्चायतलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको, र

(ग) कुनै कानूनले अयोग्य नभएको।

७. नगर सभाको सदस्यता कायम नरहने अवस्था: देहायको अवस्थामा नगर सभाको सदस्यता कायम रहने छैनः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ६ बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरी आएको क्षेत्र सम्बन्धित नगर पञ्चायतको क्षेत्रबाट झिकिएमा,

(ग) अन्य कुनै गाउँ पञ्चायत वा नगर पञ्चायतको निर्वाचनमा मतदाता वा उम्मेदवार भएमा,

(घ) जिल्ला पञ्चायतको सदस्य भएमा,

(ङ) राजीनामा दिएमा,

(च) आचार संहिता उल्लङ्घन गरे बापत सदस्यताबाट हटाइएमा, वा

(छ) कानून बमोजिम प्रत्याह्वान गरिएमा।"

४. मूल ऐनमा परिच्छेद २ क. र २ ख. थप: मूल ऐनको परिच्छेद २ पछि देहायको परिच्छेद २क. र २ख. थपिएका छन्:–

"परिच्छेद–२ क.

नगर सभाको बैठक

८. नगर सभाको बैठक: नगर सभाको बैठक बस्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद–२ख.

नगर पञ्चायतको गठन र क्षेत्र

९. नगर पञ्चायतको गठन: (१) आवश्यक जाँचबुझ गरी श्री ५ को सरकारले कमसेकम नौ हजार जनसंख्या भएको कुनै नगर क्षेत्रलाई नगर पञ्चायत क्षेत्र घोषित गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिमको क्षेत्रमा गठन हुने नगर पञ्चायतको नाम, सीमाना जनसंख्या खुलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नेछ।

(३) यस दफा बमोजिम गठन गरिएको नगर पञ्चायतको नाम र सीमाना सम्बन्धित क्षेत्र र वरिपरिका बासिन्दा वा नगर पञ्चायत र सम्बन्धित जिल्ला पञ्चायतको सिफारिशमा वा कुनै मनासिब कारण देखिएमा श्री ५ को सरकारले हेरफेर गर्न सक्नेछ र त्यस्तो हेरफेरको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ।

(४) प्रत्येक नगर पञ्चायतमा देहाय बमोजिमको सदस्य रहनेछन्:–

(क) नगर सभाका प्रत्येक वडाका सदस्यहरूमध्येबाट एक जनाका हिसाबले नगरसभाका सम्पूर्ण सदस्यहरूले निर्वाचन गरी पठाएका सदस्यहरू, र

(ख) गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिबाट देहाय बमोजिमको संख्यामा मनोनीत सदस्यहरू:–

(१) नौ वडामा दुई जना,

632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) पन्ध्र वडा सम्ममा तीन जना,
(३) एक्काईस वडा सम्ममा चार जना,
(४) सत्ताईस वडा सम्ममा पाँच जना, र
(५) तेत्तीस वडा सम्ममा छ जना ।

(५) उप-दफा (४) को खण्ड (ख) बमोजिम मनोनयन गर्दा–

(क) सम्बन्धित नगर पञ्चायतका निर्वाचित सदस्यहरूमध्ये कोही पनि महिला नभएमा सो नगर पञ्चायत क्षेत्रका निवासी एक जना महिलालाई मनोनीत गरिनेछ ।

(ख) सोही नगर पञ्चायत क्षेत्रका निवासीमध्ये समाजसेवी, बुद्धिजीवी, अल्पसंख्यक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिइनेछ ।

(६) श्री ५ को सरकारले नगर पञ्चायतको काम कारवाईमा योगदान गर्न सक्ने विभिन्न क्षेत्रका व्यक्तिलाई नगर पञ्चायतको सदस्य पदमा मनोनीत गर्न सक्नेछ । यसरी मनोनीत गर्दा स्थायी बसोबास नभएको र बहालवाला सरकारी कर्मचारीलाई पनि मनोनीत गर्न सकिनेछ ।

तर–

(क) यस उप-दफा बमोजिम मनोनीत हुने सदस्यहरूको संख्या निर्वाचित सदस्यहरूको संख्याको एक चौथाई भन्दा बढी हुने छैन ।

(ख) यस उप-दफा बमोजिम मनोनीत व्यक्तिले नगर पञ्चायतको बैठकमा हुने छलफलमा भाग लिन बाहेक मतदान गर्न र नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र जिल्ला सभाको लागि हुने निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न समेत पाउने छैन ।

(७) नगर पञ्चायतका उप-दफा (४) बमोजिमका सदस्यहरूले सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्ड बहुमतले आफू मध्येबाट प्रधानपञ्च र उप–प्रधानपञ्चको निर्वाचन गर्नेछन् । कुनै उम्मेदवारले सो बमोजिमको बहुमत प्राप्त गर्न नसकेमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले नगर पञ्चायतका सदस्यहरूमध्येबाट प्रधानपञ्च र उप-प्रधान पञ्च मनोनीत गर्नेछ ।

(८) नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र उप-दफा (४) को खण्ड (ख) बमोजिम मनोनीत सदस्य नगर सभाको क्रमश: पदेन सभापति, उप-सभापति र सदस्य हुनेछन् ।

(९) नगर पञ्चायतको प्रधानपञ्च, उप–प्रधानपञ्च, र अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(१०) मनोनीत सदस्यहरूको पदावधि मनोनयन भएका मितिदेखि प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) नगर पञ्चायतका सदस्यको पदावधि समाप्त हुने गणना गर्दा सो पदावधि समाप्त हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ ।

(१२) कुनै कारणवश निर्धारित निर्वाचन समयमा नगर पञ्चायतका सदस्यहरूको निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित निर्वाचन समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ ।

(१३) नगर पञ्चायतका प्रधानपञ्च, उप–प्रधानपञ्च वा कुनै सदस्यको पद निजको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरणद्वारा गरिनेछ ।

(१४) उप-दफा (४) को खण्ड (ख) वा उप-दफा (६) बमोजिम मनोनीत सदस्यको रिक्त पदको पूर्ति बाँकी अवधिको लागि सोही बमोजिम मनोनयनद्वारा गरिनेछ ।

१०. <u>नगर पञ्चायतको सदस्यको निमित्त चाहिने योग्यता</u>: नगर पञ्चायतको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्दछः–

(क) दफा ६ बमोजिमको योग्यता भएको,

(ख) नगर पञ्चायतसंगको ठेक्का, पट्टा वा अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै प्रकारको निजी स्वार्थ नभएको,

(ग) लेखपढ गर्न जानेको, र

(घ) कुनै कानूनले अयोग्य नभएको ।

११. <u>नगर पञ्चायतको सदस्यता कायम नरहने अवस्था</u>: देहायको अवस्थामा नगर पञ्चायतको सदस्यता कायम रहने छैनः–

(क) दफा १० बमोजिम योग्य नभएमा,

(ख) मनासिब माफिकको कारण सहितको सूचना नदिई नगर पञ्चायतको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) जिल्ला पञ्चायतको सदस्य भएमा,

(घ) राजीनामा दिएमा,

(ङ) आचार संहिता उल्लङ्घन गरे बापत सदस्यताबाट हटाइएमा, वा

(च) कानून बमोजिम प्रत्याह्वान गरिएमा ।

१२. <u>शपथ लिनु पर्ने</u>: निर्वाचित वा मनोनीत भएपछि यथासम्भव चाँडो नगर पञ्चायतका प्रधानपञ्च र उप-प्रधानपञ्चले सम्बन्धित जिल्ला न्यायाधीश समक्ष र अन्य सदस्यहरूले प्रधानपञ्च वा निजको अनुपस्थितिमा उप-प्रधानपञ्च र दुबैको अनुपस्थितिमा सम्बन्धित जिल्ला न्यायाधीश समक्ष अनुसूची बमोजिमको शपथ लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. राजीनामा: नगर पञ्चायतका प्रधानपञ्च, उप–प्रधानपञ्च, सदस्य र नगर सभाका सदस्यले लिखित राजीनामा सम्बन्धित नगर पञ्चायतको कार्यालयमा आफैं दाखिल गरी पदत्याग गर्न पाउनेछ ।

१३ क. नगर पञ्चायत संगठित संस्था हुने: (१) प्रत्येक नगर पञ्चायत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) नगर पञ्चायतले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने र बेचविखन गर्न सक्नेछ ।

(३) नगर पञ्चायतले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्ने र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।"

५. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को उप-दफा (३) को खण्ड (ख) झिकिएको छ ।

६. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ:–

"१५. गणपूरक संख्या: (१) नगर पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य उपस्थित नभै नगर पञ्चायतको कुनै बैठक बस्न सक्ने छैन ।

(२) दोस्रो पटक बैठक बोलाउँदा पनि एक तिहाई सदस्य उपस्थित नभएमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्यको उपस्थिति आवश्यक पर्ने छैन ।

७. मूल ऐनको दफा १६ मा संशोधन: मूल ऐनको दफा १६ को,–

(१) उप-दफा (१) को शुरूमा रहेको "(१)" भन्ने अङ्क झिकिएको छ ।

(२) उप-दफा (२) झिकिएको छ ।

८. मूल ऐनको दफा २५ मा संशोधन: मूल ऐनको दफा २५ को उप-दफा (३) मा रहेको "अञ्चल समिति" भन्ने शब्दहरूको सट्टा "गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनको दफा ३७ मा संशोधन: मूल ऐनको दफा ३७ को खण्ड (ख) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर ढुङ्गा, बालुवा र खोलाका माछा बाहेक यस खण्ड बमोजिमको सम्पत्ति नगर पञ्चायतले श्री ५ को सरकारको स्वीकृति बिना बेचविखन गर्न वा अरू कुनै प्रकारले आफ्नो हक छाडी दिन पाउने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा ४२ मा संशोधनः मूल ऐनको दफा ४२ को,–

(१) उप-दफा (१) मा रहेको "दफा १५ को उप-दफा (२) बमोजिम नगर पञ्चायतको सभाबाट" भन्ने शब्दहरूको सट्टा "नगर सभाबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) उप-दफा (२) मा रहेको "स्वीकृति गरी" भन्ने शब्दहरूको सट्टा "स्वीकृत गराई" भन्ने शब्दहरू राखिएका छन्।

(३) उप-दफा (३) मा रहेको "नगर पञ्चायतबाट" भन्ने शब्दहरूको सट्टा "नगर सभाबाट" भन्ने शब्दहरू राखिएका छन्।

११. मूल ऐनको दफा ४४ मा संशोधनः मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छः–

"४४. खारेज, निलम्बन वा भङ्ग गर्ने अधिकारः (१) नगर पञ्चायत क्षेत्रका वासिन्दाहरूले मनासिव कारण देखाई माग गरेमा वा अरू कुनै कारणले मनासिव देखिएमा श्री ५ को सरकारले कुनै नगर पञ्चायतलाई खारेज गर्न सक्नेछ।

(२) कुनै नगर पञ्चायतले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम गर्नुपर्ने कुनै कर्तव्यको बराबर पालन नगर्ने गरेमा वा सो बमोजिम अधिकारको उचित प्रयोग नगर्ने गरेमा वा बराबर दुरूपयोग गरेमा श्री ५ को सरकारले त्यस्तो त्रुटिको विचार गरी सो नगर पञ्चायतलाई भङ्ग भरी नयाँ नगर पञ्चायतको गठन गराउन वा सो नगर पञ्चायतलाई केही समयको लागि स्थगित गर्न सक्नेछ।

(३) नगर सभा वा नगर पञ्चायतको कुनै सदस्यले आफ्नो पद अधिकार दुरूपयोग गरेमा श्री ५ को सरकारले जिल्ला पञ्चायतको परामर्श लिई वा सोझै तिजलाई सो पदबाट हटाउन वा केही समयको लागि निलम्बन गर्न सक्नेछ।

(४) नगर पञ्चायत खारेज वा भङ्ग भएपछि सो क्षेत्रभित्रको नगर सभा कायम रहने छैन।

(५) नगर पञ्चायत स्थगित भएको अवस्थामा वा भङ्ग भै नयाँ नगर पञ्चायत गठन नभएको अवस्थामा नगर पञ्चायतको सबै वा कुनै अधिकार श्री ५ को सरकारले कुनै व्यक्ति वा समितिलाई सुम्पन सक्नेछ र सो व्यक्ति वा समितिले गरेको काम नगर पञ्चायतले गरे सरह मानिनेछ।

१२. मूल ऐनमा दफा ६१ क. थपः मूल ऐनको दफा ६१ पछि देहायको दफा ६१ क. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६१क. काम कारवाई सदर मानिने: यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि नगर सभा वा नगर पञ्चायतको गठनमा कुनै त्रुटि वा कुनै सदस्यको स्थान रिक्त भै काम कारवाई भएको रहेछ भने सोही कारणले मात्र सो नगर सभा वा नगर पञ्चायतको काम कारवाही बदर हुने छैन ।"

१३. मूल ऐनमा दफा ६३ क. र ६३ ख. थप: मूल ऐनको दफा ६३ पछि देहायको दफा ६३ क. र ६३ ख. थपिएका छन्:–

"६३ क. तल्लो तहको गाउँफर्क राष्ट्रिय अभियान गठन नभएको अवस्थामा माथिल्लो तहले गर्ने: गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति नभएको अवस्थामा यो ऐन बमोजिम उक्त जिल्ला समितिले गर्नुपर्ने काम गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले र सो समिति पनि नभएको अवस्थामा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले गर्नेछ ।

६३.ख. बाधा अडकाउ फुकाउने अधिकार: यो ऐन कार्यान्वित गर्दा कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।"

१४. रूपान्तर: (१) मूल ऐनको परिच्छेद ३ को शीर्षकमा र दफा १४, दफा १६, दफा २८ को उप-दफा (१) को प्रतिवन्धात्मक वाक्यांश, दफा २९ को उप-दफा (१) को खण्ड (क) र (ख), दफा ३२ को उप-दफा (१) को खण्ड (ख), दफा ३४ को उप-दफा (२) र दफा ६० को उप-दफा (२) को खण्ड (क) मा "सभा" भन्ने शब्द प्रयोग भएका ठाउँहरूमा सो शब्दको सट्टा "बैठक" भन्ने शब्द राखिएको छ ।

(२) मूल ऐनमा ठाउँ ठाउँमा प्रयोग भएका "ईलाका" भन्ने शब्दको सट्टा "क्षेत्र" भन्ने शब्द राखिएको छ ।

१५. नगर पञ्चायत (पाँचौं संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणाम: नगर पञ्चायत (पाँचौं संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चलती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रित पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगीसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

६ ३० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्ने, चालू राख्ने, वा लागू गर्न सकिन्छ ।

अनुसूची

(दफा १२ संग सम्बन्धित)

शपथ

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया बफादार र दलविहीन पञ्चायती व्यवस्थाप्रति पूर्णतया निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेषभाव नराखी पालन गर्नेछु भनी ... ... ... ... नगर पञ्चायतको प्रधानपञ्च । उप–प्रधानपञ्च ।

सदस्य म ... ... ... ...

ईश्वरको नाममा शपथ लिन्छु ।

सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु ।

मितिः– ... ... ... ... ... सहीः– ... ... ... ...

लालमोहर सदर मितिः– २०३३।४।२८।५

आज्ञाले–

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।